# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, साउन १२ गते २०३९ साल (अतिरिक्ताङ्क १५


# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३९ साल श्रावण १२ गते जनगणतन्त्र चीन सरकारको मैत्रीपूर्ण निमन्त्रणामा चीनको भ्रमणमा सवारी होइबक्सनु अघि देशबासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशबासीहरू,

छरछिमेकका आफ्ना मित्रराष्ट्रहरूमा बेलाबखतमा पारस्परिक र नियमित क्रमले हामीले मैत्रीपूर्ण भ्रमण गर्ने गरी राखेको कुरा सर्वविदितै छ । यही क्रममा मित्रराष्ट्र जनगणतन्त्र चीन सरकारको मैत्रीपूर्ण निमन्त्रणामा आज हामी हाम्रा बडामहारानीकासाथ चीनको गान्सु प्रान्त र स्वशासित क्षेत्र तिब्बतको केही दिनको भ्रमणका लागि प्रस्थान गर्दछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भौगोलिक सामिप्य र ऐतिहासिक परम्पराले नेपाल अधिराज्य र जनगणतन्त्र चीनबीच रहेको मैत्री सम्बन्धलाई सबल आधार प्रदान गरेको छ। यो सम्बन्ध सद्भावनापूर्ण हुनुका साथै पारस्परिक विश्वास र समझदारीमा आधारित रहेको छ। यसभन्दा अघि पनि समय समयमा हामीबाट मित्रराष्ट्र चीनको भ्रमण गरी चिनियाँ नेताहरूसंग आपसी हितका विषयहरूमा विचारहरूको आदान-प्रदान गरेका र मैत्रीपूर्ण चिनियाँ जनताको हार्दिक आतिथ्यको सुखद अनुभव गरेका थियौं। चीनको एक महत्त्वपूर्ण गान्सु प्रान्तको साथै नेपालसंग सिमाना जोडिएको जनगणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको हामीबाट गरिबक्सने यस भ्रमणबाट सुपरिचित भई लाभान्वित हुनेछौं भन्ने कुरा हामीले ठानेका छौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा आ-आपना क्षेत्रबाट सहयोग गर्नेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

९८६

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।